# अन्तर्राष्ट्रिय महिला दिवस

मार्च २००९

**युएनएफपिएका कार्यकारी निर्देशक थोराया अहमद ओवाइदको सन्देश**

महिला र बालिका बिरुद्ध हुने हिंसाको अन्त्यका निम्ति अन्तर्राष्ट्रिय महिला दिवसको आजको दिनमा हामी एकजुट होऔं ।

मानव बेचबिखन, घरेलु हिंसा, इज्जत वा आस्थाको नाममा भएका अपराध, बाल विवाह, महिलाको यौन अङ्गछेदन अथवा द्वन्द्वको अवस्थाले चिन्ताजनक स्थितिमा पु-याउने यौन हिंसा तथा महिला र बालिका बिरुद्ध हुने अपराधलाई लज्जास्पद अपराध हो जुन ढाकछोप गरिन्छ र बिरलै सजाय दिइन्छ ।

आज, महिला र बालिकामाथि हुने हिंसाका बिरुद्धमा उभिन सबै राजनीतिक नेताहरु, सामुदायिक नेतृत्वकर्ता र धार्मिक नेताहरुलाई हामीहरु आग्रह गर्दछौं । हामीहरु सार्वजनिक सम्वाद र बहसका निम्ति आह्वान गर्दछौं । अपराधीलाई दण्ड दिन र पीडितलाई स्वास्थ्य सेवा र सामाजिक सहयोग उपलब्ध गराउन हामी सबै देशका सरकारी निकायहरु समक्ष आग्रह गर्दछौं ।

यी मामिलामा यस क्षेत्रमा नेतृत्व प्रदान गर्ने महिलाहरुमाथि हामी आभार प्रकट गर्दछौं र सकारात्मक परिवर्तनका निम्ति बढी पुरुष र युवाहरुलाई आफ्नो प्रभाव प्रयोग गर्न आग्रह गर्दछौं ।

हामी सबै मिलेर विभेदलाई प्रोत्साहित गर्ने सामाजिक मान्यता र व्यवहार तथा महिला र बालिका बिरुद्ध हुने हिंसालाई हामीले परिवर्तन गर्न सक्दछौं । हामीले कानुनी पद्धतिलाई सुदृढ गरी मानव अधिकारको संरक्षण र सहयोगद्वारा न्याय र कानुनी शासनको पहुँच पु-याउन सक्छौं । हामी सबै मिलेर पीडितलाई सामाजिक सहयोग र स्वास्थ्य सेवा समेत उपलब्ध गराउन सक्दछौं । हामीले यौन तथा प्रजनन स्वास्थ्यको अधिकारलाई प्रत्याभूति गरी परिवार नियोजन, सुरक्षित मातृत्व र एचआईभीबाट सुरक्षाका निम्ति सूचना र सेवाहरु हामी प्रदान गर्नु पर्दछ ।

महिला र बालिका बिरुद्ध हुने हिंसा महिलाको मात्र विषय होइन -- यो मुद्दा हामी सबैको चासो हो । कुनै पनि रीतिरिवाज, परम्परा अथवा धर्मले निकृष्ट र अपमानजनक व्यवहारलाई उचित ठहर्‍याउन सक्दैन ।

आज, महिला र बालिकाहरुसंग हामीहरु हातेमालो गरौं जसबाट उनीहरु प्रतिष्ठापूर्ण रुपमा बाँच्ने तथा त्रास र अपमानबाट मुक्त हुने अधिकार राख्दछन् । हाम्रो घर, विद्यालय, कार्यस्थल र धार्मिकस्थल, हाम्रो समुदाय र राष्ट्रमा हुने महिला र बालिका बिरुद्ध शून्य सहिष्णुता अपनाऔं । यस घडीमा पुरुष र महिला तथा  बालक र बालिकाको मानव अधिकारको लज्जास्पद हनन अन्त्य गर्न एकजुट होऔं ।

आज र सँधै संयुक्त राष्ट्रसंघको अङ्गको रुपमा युएनएफएपिएले महिला र बालिका बिरुद्धका हिंसा अन्त्य गरी महिलाको सशक्तीकरण तथा लैंगिक समानता र प्रजनन स्वास्थ्य र अधिकारका प्रयासमा सहयोग गर्नेछ ।